मिति २०८३।०३।०३ गते नारायण नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री लोमन शर्मा ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि निम्न प्रस्तावहरु माथि छलफल भई तपसिल अनुसार निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोमन शर्मा | नगर प्रमुख | |
| २ | श्री तप्ता कुमारी खडका थापा | नगर उप प्रमुख | |
| ३ | श्री मेघनाथ रिजाल | .प्र.प्र.अधिकृत सदस्य सचिव | |
| ४ | श्री सन्देश कुमार श्रेष्ठ | सदस्य १ नं वडा अध्यक्ष | |
| ५ | श्री रेशम बहादुर थापा | सदस्य २ नं वडा अध्यक्ष | |
| ६ | श्री चन्द्र प्रसाद उपाध्याय | सदस्य ३ नं. वडा अध्यक्ष | |
| ७ | श्री चन्द्र बहादुर कटुवाल | सदस्य ४ नं वडा अध्यक्ष | |
| ८ | श्री ऐमान सिं थापा | सदस्य ५ नं वडा अध्यक्ष | |
| ९ | श्री जनक प्रसाद न्यौपाने | सदस्य ६ नं वडा अध्यक्ष | |
| १० | श्री खडग बहादुर शाही | सदस्य.७ नं.वडा अध्यक्ष | |
| ११ | श्री गोपाल कुमार वि.सी. | सदस्य.८ नं वडा अध्यक्ष | |
| १२ | श्री महेन्द्र बिक्रम खडका | सदस्य ९ नं.वडा अध्यक्ष | |
| १३ | श्री लाल बहादुर बस्नेत | सदस्य १० नं वडा अध्यक्ष | |
| १४ | श्री दिर्घ बहादुर मल्ल | सदस्य ११ नं वडा अध्यक्ष | |
| १५ | श्री रत्ना कुमारी थापा | का.पा.सदस्य | |
| १६ | श्री मनसरा अधिकारी | का.पा.सदस्य | |
| १७ | श्री भोज कुमारी कोईराला | का.पा.सदस्य | भोज |
| १८ | श्री खगिसरा सुनार | का.पा.सदस्य | |
| १९ | श्री रत्नकलि सार्की | का.पा.सदस्य | |
| २० | श्री वखत बहादुर नेपाली | का.पा.सदस्य | |
| २१ | श्री तिर्थ बहादुर दमाई | का.पा.सदस्य | |

<u>आमन्त्रित</u>

| | | | |
|---|---|---|---|
| १ | श्री दिपक बहादुर शाही | सदस्य ११ नं का.वा.वडा अध्यक्ष | |
| २ | श्री प्रेम कुमार उपाध्याय | प्रशासकीय अधिकृत | |
| | | | |
| | | | |

निर्णय नं १

मिति २०८३/०२/०७ देखि २०८३/०२/०७ गते सम्म स्पोर्ट्स एकेडेमीको आयोजनामा चामुण्डा विन्द्रासैनी नगरपालिकामा संचालन हुने चामुण्डा प्रिमियर लिग अन्तरपालिका स्तरीय क्रिकेट प्रतियोगितामा सहभागी हुन नारायण नगरपालिकाबाट पठाईएका सहभागी खेलाडीहरुका लागि खाना, नास्ता वापत खर्च भएको खर्च रकम रु १५,०००(अक्षरुपी पन्ध्रहजार) आर्थिक सहायता शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

निर्णय नं २

नारायण नगरपालिका वडा नं १० स्थित राईली त्रिपानी पर्यटकीय मेला, त्रिपानी देवी मन्दिर रङ्गरोगन तथा भलिवल खेल संचालनमा भएको खर्च रकम रु.१०,००० आर्थिक सहायता शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ३

नारायण नगरपालिकामा कार्यरत हलुका सवारी चालक किशोर के.सीले स्कारपीयो गाडी चलाय वापत मासिक अतिरिक्त सुविधा खाईपाई आएकोमा मिति २०८२ वैशाख देखि हलुका सवारी चालक कृष्ण जि.सीलाई उक्त गाडी चलाउने जिम्वेवारी दिईएको हुंदा किशोर के.सीले खाईपाई आएको अतिरिक्त सुविधा हाल कृष्ण जि.सी. कार्यालय कामको सिलसिलामा नगर प्रमुख, उप प्रमुख, प्रशासकीय अधिकृत र कार्यालयका अन्य कर्मचारीहरुलाई कार्यालयको काम र आवश्यकता अनुसार कार्यालय समय भन्दा अतिरिक्त समय काम गर्नु पर्ने भएकोले हलुका सवारी चालक कृष्ण जि.सी. लाई खाना, खाजा स्वरुप मासिक रु.४,५०० अतिरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ४

चालु आ.व.२०८२/०८३ को आर्थिक सहायता शिर्षक अन्तर्गत विनियोजन भएको रकम मध्येबाट रु.१,००,०००(अक्षरुपी एक लाख) सचिवालय प्रमुख कमला भण्डारीले विभिन्न वडाबाट प्राप्त निवेदनमा नगर प्रमुखज्यूको तोकादेश अनुसार नगद वितरण गरिएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।